...पालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
३ नं. प्रदेश, नेपाल
२०७३

मिति २०७५।१०।२२

२८ औं बैठक

आज मिति २०७५।१०।२२ गते मगंलबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री सुरेश अचार्य | सदस्य सचिव | |

वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाँडुडाँडा, दोलखा

१. यस गाउँ कार्यपालिकाको मिति २०७५।०४।०२ को निर्णयानुसार चालु आ.व. का सम्पुर्ण काम २०७५ जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने भनिएकोमा हाल सम्मको प्रगति समिक्षा गर्दा यस प्रक्रियामा अपेक्षाकृत प्रगति हासिल गर्न सबै पक्षबाट सामुहिक प्रयत्न गर्नुपर्ने देखिएकाले उत्पन्न भएका प्राविधिक र परिस्थितीजन्य समस्या निराकरण गर्दै अगाडि बढने निर्णय गरियो ।

२. यस गापा को २०७५।०३।३० मा भएको गाउँ सभाबाट २०७५।०७६ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा विभिन्न परिस्थिति जन्य कारणले समस्या देखिन आएको हुदाँ उक्त बजेट तथा कार्यक्रमका विभिन्न शिर्षक तथा विनियोजित रकममा संशोधन गर्नुपर्ने भएकाले संशोधन प्रस्ताव स्वीकृतार्थ गाउँ सभामा पेश गर्ने ।

३. पाडुँडाडाँ गाउँपालिकाको जग्गा भित्र प्रदेश मार्फत निर्माण हुने कर्भड हल प्रयोजनका लागि जग्गा उपलब्ध गराउने । कर्भड हलको बहुपक्षिय उपयोग गर्न मिल्ने गरी Layout तयार गरिदिन सम्बन्धित निकायलाई आग्रह गर्ने ।

४. प्रदेश सरकारबाट सर्शत योजना अर्न्तगत हनुमन्ते एकिकृत विकास योजनाका लागि प्राप्त रु ५० लाख रुपैया तपशिल बमोजिम खर्च गर्ने निर्णय गरियो ।

क) हनुमन्ते एकीकृत विकास गूरुयोजना ।रु २०,००,०००।- (रु बिस लाख मात्र) ।

ख) हनुमन्ते एकीकृत विकासका लागि पदमार्ग निमार्ण रु ३०,००,०००।- (रु तिस लाख मात्र) ।

५. प्रदेश सरकारकै सर्शत योजना अर्न्तगत रित बहादुर स्मृती शैक्षिक सुधार कार्यक्रमका लाीग विनियोजित रकमबाट पाडुँडाडाँ गाउँपालिका परिसर भित्र रित बहादुर स्मृती शैक्षिक सुधार अध्यापन तथा अनुसन्धान केन्द्र स्थापना गर्ने ।

६. ज्येष्ठ नागरिक प्रमाण पत्र वितरण ~~कार्यविधिमा संशोधन गर्नु पर्ने~~ निर्देशिका २०७८ स्वीकृत गर्ने ।

७. प्रत्येक वडा कार्यालयलाई सवारी (मोटरसाइकल इन्धन वापत १० लिटर पेट्रोल कुपन वा सो बराबरको बिल भुक्तानी गर्ने ।

८. सहकारी संस्थाहरुको नियमन व्यवस्थापन तथा सुपरीवेक्षण गर्ने दायित्व स्थानीय तहको भएको सन्दर्भमा सहकारी विधेयक २०७५ को मस्यौदा अनुमोदन गरी निर्णयार्थ गाउँ सभामा पठाउने ।

९. सडक बोर्ड नेपाल मार्फत यस गा.पा अर्न्तगतका सडक मर्मतका लागि प्राप्त रु ५ लाख बजेटबाट तपशिल बमोजिमको सडक मर्मत तथा सुधार गर्ने निर्णय गरियो ।

**क) गैरीगाउँ टार भञ्जयाङ सडकं ।**

१०. यस गा.पाका इन्जिनियर युधिष्ठिर के सी को संयोजकत्वमा रहेको समितिले सुपरिवेक्षण/निरीक्षण गरी 'घ' वर्गको इजाजत दिन मान्नसिब देखी सिफारिस गरेका तपशिल अनुसारका व्यवसायीलाई 'घ' वर्गको इजाजतपत्र प्रदान गर्ने ।

**क) माता मनोशोभा कन्स्ट्रक्सन प्रा.लि, वैतेश्वर ८ दोलखा ।**

११. यस गा पा अर्न्तगत वडा नं. १ र २ को सिमानामा पर्ने काडेखोला भोलुङ्गे पुल तथा वडा नं ७ अर्न्तगतको दोलखेघाट भोलुङ्गे पुल को निर्माण कार्य अगाडी बढाउन अख्तियारी समेत प्राप्त भएकोले सार्वजनिक सूचना गरी सार्वजनिक खरिद ऐन तथा नियमावली २०६४ अनुसारको निर्माण कार्य अगाडी बढाउने ।

१२. सयपत्री मिडिया प्रालि, पुरानो सिनामंगल, काठमाण्डौसँग मिति २०७५।०२।०१ मा भएको सम्झौता अनुसार यस गापाको आर्थिक, सामाजिक तथा पुर्वाधारजन्य गतिविधि NTV Plus मार्फत वृतचित्र तयार गरी प्रशारण भएको कार्यक्रमको भुक्तानी बाँकी रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने ।

१३. २०७४।०२।२२ गते पहुँच परियोजनालाई प्रभावकारी बनाउन पहुँच परियोजना कार्यान्वयन तथा सल्लाहकार समिति गठन भएको तर यो समितिलाई अझै प्रभावकारी बनाउन समितिको आवश्यक फेरबदल गर्नुपर्ने भएकाले तपशिल अनुसार समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

वैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
३ नं. प्रदेश, नेपाल
२०७३

१. डेबराज खत्री — संयोजक
२. सन्तोष थिसिङ्ग — सदस्य
३. बुद्ध बे. तामाङ्ग ,, ,,
४. बिन्द्रा नेपाली ,, ,,
५. सिता मिजार ,, ,,
६. राजन नेपाली ,, ,,
७. श्याम कु. तामाङ्ग थिसिङ्ग ,, ,,
८. मौसम कुँवर ,, ,,
९. अमृता पोखरेल ,, ,,
१०. नारायण प्र. डाहाल ,, ,,
११. लक्ष्मी नेपाली ,, ,,
१२. ममता डाहाल ,, ,,
१३. गोपाल नेपाली सदस्य सचिव

१४. सेभ द चिल्ड्रेन र वैतेश्वर गाउँपालिकाको साझेदारीमा सञ्चालित पहुँच परियोजनाको सन २०१८ को खर्च र प्रगतिको समिक्षा गरियो। सन २०१९ को योजना तथा बजेट आजको बैठकमा पेश भएकोले कार्यक्रमका विषयमा छलफल भई सोही बमोजिम परियोजना सञ्चालन गर्न पहुँच परियोजनालाई निर्देशन दिने निर्णय गरियो।

१५. यस गाउँपालिकामा बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्नका लागि महिला तथा बालबालिका इकाईको सहायक महिला विकास निरीक्षक लाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो।

१६. यस गाउँपालिकाको मिति २०७५।०९।२४ गते जग्गा आवश्यकता सम्बन्धी सूचना बमोजिम जग्गा दान दिने सम्बन्धी पेश भएका निवेदनहरुमध्ये वैतेश्वर ८ निवासी श्री अशोक खडकाको नाममा रहेको साविक क्षेत्रपा ५ को कित्ता नं..603.....को जग्गा मध्ये ००३५० ब.मि. जग्गा दान दिन ऐ बस्ने चन्द्र बहादुर खडका ले प्रस्ताव गरेको जग्गा नाम्दु क्षेत्रपा जुगुँ सडक देखि १ कित्ता भित्र स्वास्थ्य चौकी क्षेत्रपाको जग्गा सँग जोडिएको हुदाँ सडक पहुँच, खुलापन, सुरक्षा तथा अवस्थीतिजन्य हिसाबले समेत उपयुक्त भएकोले ८ नं. वडा कार्यालय क्षेत्रपा को नाममा दानपत्र स्वीकार गर्ने निर्णय गरियो।

१७. यही मिति २०७५।११।२८ गतेका दिन गाउँ सभा बोलाउने।